स्थानीय सरकार
मेलुङ गाउँपालिका
མེ་ལུང་ གཱ་ཨུཾ་པ་ལི་ཀཱ། मेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८१।८२
चलानी नम्बर : सूचना नं. १२१

भेडपु, दोलखा
बागमती प्रदेश, नेपाल

मिति : २०८१/१०/१५
ने.सं. : ११४५ पोहेलागा

## शुभ-कामना तथा स्थानीय बिदा सम्बन्धी सूचना।

**" मञ्जुश्री संवत् २८६१ औं डूल लो "** तामाङ समुदायले नयाँ वर्षको रुपमा हरेक वर्ष माघ शुक्ल प्रतिपदाको दिन हर्षोल्लासपूर्वक मनाउने सांस्कृतिक पर्व **सोनाम ल्होछारको** उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण तामाङ समुदायका दाजुभाई तथा दिदिबहिनीहरुमा सु-स्वास्थ्य, दीर्घायु, सुखशान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, जातीय विविधतायुक्त यस गाउँपालिकाका सम्पूर्ण जनतामा आपसी सद्भाव, सामाजिक एकता र भातृत्व कायम गर्ने अपेक्षा सहित बन्धुत्व, प्रेम र समताको भावना बढाई शान्त, समुन्नत तथा समृद्ध मेलुङ बनाउन सबैमा प्रेरणा मिलोस भन्ने समेत कामना गर्दछौं ।

तामाङ समुदायको समेत बाहुल्यता रहेको यस गाउँपालिकामा सोनाम ल्होछारको अवसरमा गाउँपालिकाको कार्यालय, मातहतका कार्यालय र विद्यालयहरुमा गाउँ कार्यपालिकाको **मिति २०८१/१०/१४** गतेको निर्णयानुसार **मिति २०८१ माघ १७ र १८ गते,** २ दिन स्थानीय बिदा दिईएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

...............
हिरा कुमार तामाङ
( अध्यक्ष )

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी